नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

## प्रेस विज्ञप्ति

नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास बैरागीको अध्यक्षतामा यस कार्यालयका सचिवहरु, सम्बन्धित मन्त्रालयका सचिव, महाशाखा प्रमुख तथा सम्बन्धित विभागीय प्रमुखहरुको उपस्थितिमा गत आ.व. २०७७।७८ को कार्य सम्पादन सूचकको प्रगति, क्रियाकलाप तथा माइलस्टोनहरुको प्रगति स्थिति, कार्यक्रम कार्यान्वयनका क्रममा मन्त्रालयहरुले व्यहोर्नु परेका प्रमुख समस्याहरु, गुनासो व्यवस्थापनको स्थिति र चालू आ.व. को हालसम्मको प्रगति र यस आर्थिक वर्षमा सम्पादन गर्नुपर्ने कार्यक्रम तथा आयोजनाहरुको वारेमा मिति २०७८ असोज ६ देखि १५ गतेसम्म क्रमशः उद्योग, वाणिज्य तथा आपूर्ति, उर्जा, जलश्रोत तथा सिँचाइ, कृषि तथा पशुपन्छी विकास, खानेपानी, भूमि व्यवस्थापन, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायात, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन, स्वास्थ्य तथा जनसंख्या र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रस्तुतीकरण भई गहन छलफल तथा विभिन्न निर्णयहरु भयो। यसैगरी २०७८ असोज १७ देखि २५ गते सम्म सञ्चार तथा सूचना प्रविधि, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, रक्षा, अर्थ, शहरी विकास, वन तथा वातावरण, युवा तथा खेलकुद, महिला, वालवालिका तथा ज्येष्ठ नागरिक, संघीय मामिला तथा सामान्य प्रशासन, गृह, परराष्ट्र र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयहरुको समेत छलफल गर्ने कार्यक्रम रहेको छ।

छलफलका क्रममा सम्बन्धित मन्त्रालयले आफैले गर्नुपर्ने सुधारसम्बन्धी कार्यहरु यथाशक्य चाँडो सम्पादन गर्ने, अन्तर निकाय समन्वयबाट गर्नुपर्ने कार्यहरुको सम्बन्धमा मन्त्रालय आफैले वा यस कार्यालयबाट समन्वय तथा सहजीकरण गरी कार्यसम्पादन गर्ने गराउने, नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त गरी गर्ने र ऐन तर्जुमा गरी गर्नुपर्ने विषयहरुको सम्बन्धमा मन्त्रालयहरुले तदारुकताका साथ पेश गर्ने विषयमा जोड दिंदै चालू आ.व.को कार्यक्रमहरूबाट दिगो विकास लक्ष्य हासिल हुनेगरी तादात्म्यता कायम गर्दै कार्यान्वयन गर्ने एवम् यस आ.व.को बजेट तथा कार्यक्रम कार्यान्वयन कार्ययोजना बमोजिम तोकिएको समय सीमामा रही कार्य सम्पादन गर्न मुख्य सचिवबाट निर्देशन भयो।

त्यसैगरी, छलफलका क्रममा सरकारी एवं सार्वजनिक जग्गाको दिगो संरक्षण हुने गरी भू-उपयोग एवं लिज सम्बन्धी कानूनी व्यवस्थाहरुको पुनरावलोकन गर्ने, मन्त्रालय एवं मातहतका निकायमा प्रयोगमा आएका विद्युतीय सूचना प्रणालीहरूको साइवर सुरक्षा र विश्वसनीयताको विषयमा विशेष चासो दिएर सेवाग्राहीलाई थप सहज हुने गरी प्रयोगकर्तामैत्री एकीकृत प्रणालीमा लैजान आवश्यक अध्ययन गर्ने तथा राज्यको आधारभूत परिचयको रूपमा वितरण हुने गरिब परिचयपत्र वितरण प्रक्रियामा देखिएका समस्या समाधान गरी लागू गर्ने लगायतका विषयमा मुख्य सचिवले सम्बन्धित मन्त्रालयका सचिवहरुलाई निर्देशन दिनु भयो।

२०७८ असोज १५ गते

कृष्ण बहादुर राउत
प्रवक्ता

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np